नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
**महाराजगञ्ज, काठमाडौं ।**
**मिति: २०७९/१०/२४ गते ।**

# प्रेस विज्ञप्ती- ६१

## "कर्तब्यज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ"

मिति २०६६/०९/०२ गते अं. २२:३० बजे, साविक जिल्ला ताप्लेजुङ् ढुङ्गेसाघु गा.बि.स. वडा नं. ३ स्थित कप्तान डाडा नजिकै खानीटोलमा साविक जिल्ला ताप्लेजुङ् ढुङ्गेसाघु गा.बि.स. वडा नं. ४ हालको मैवाखोला १ बस्ने गाऊँ घरमा सेते भनेर चिनीने लाख बहादुर तामाङ् समेतका ६ जना ब्यक्तिहरुको समूहले साविक जिल्ला ताप्लेजुङ् ढुङ्गेसाघु गा.बि.स. वडा नं. ६ बस्ने बर्ष २४ का राजेन्द्र वेनम (लिम्बु)लाई गाऊँ घरमा परस्त्रीसंग लागेको भन्ने रिसिईवीका कारण केटीको आवाजमा फोन गरी उल्लेखित एकान्तस्थलमा बोलाई धारीलो हतियार प्रयोग गरी मारी नजिकैको अलैची घारिमा मृतक शव फालेको भन्ने कर्तब्यज्यान मुद्दामा सम्मानित ताप्लेजुङ् जिल्ला अदालतले प्रतिवादी लाख बहादुर तामाङ्लाई २० बर्ष कैद सजाय हुने फैसला गरेको साथै निज ब्यक्ति उल्लेखित वारदात पछी फरार भई सुगम तामाङ् नामको नागरिकता प्रमाण-पत्र र राहदानी समेतका परिचय खुल्ने कागजातहरुबाट मलेशिया गई पुन: नेपाल फर्की लुकिछिपि बसेको अवस्थामा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले मिति २०७९/१०/२२ गते आकासेधारा, कपन, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ् मार्फत आज मिति २०७९/१०/२४ गते सम्मानित ताप्लेजुङ् जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ । अदालतको आदेशले निजलाई कारागार कार्यालय ताप्लेजुङमा पठाईएको ब्यहोरा समेत जानकारि गराइन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **नाम:** | सेते/ लाख बहादुर तामाङ्ग भन्ने सुगम तामाङ् |
| **उमेर:** | ३४ बर्ष । |
| **ठेगाना:** | जिल्ला ताप्लेजुङ् मैवाखोला गा.पा. वडा नं. १ बस्ने । |
| **मुद्दा:** | कर्तब्यज्यान |
| **सजाय:** | २० (बीस) बर्ष कैद । |
| **फैसला मिति:** | २०७६/०२/२६ गते । |
| **फैसला गर्ने** | ताप्लेजुङ् जिल्ला अदालत । |
| **पक्राउ मिति:** | २०७९/१०/२२ गते । |
| **पक्राउ स्थान:** | आकासेधारा, कपन, काठमाडौं । |



**उप निर्देशक**
(संजय सिंह थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर: ९८५१२८११५८
मिति २०७९/१०/२४ गते ।